# सम्मरीमाई गाउँपालिकाको टोल विकास संस्थाको विधान, २०७६

प्रमाणीकरण मिति

२०७६।०४।१०

सम्वत् २०७६ सालको कार्यविधि नं. २२

**प्रस्तावना :** स्थानीय स्तरमा उपलब्ध श्रम, सीप, साधन तथा अवसरहरुलाइ अधिकतम उपयोग गरी, आफ्नो टोल तथा समुदयको विकासको लागि सामूहिक प्रयत्न तथा अधिकतम जनसहभागिताको माध्यमबाट समतामूलक, समावेशी र वातावरण मैत्री दिगो विकास हासिल गर्न, सामुदायीक भावनाको विकास, पारस्पारिकता सदभावको विकास गर्दै बचत संकलन र परिचालनबाट स्वावलम्बन सृजना गर्दै गाउँ क्षेत्रको गरिवी न्यूनिकरणमा टेवा दिन, सम्मरीमाइ गाउँपालिकाले अङ्गीकार गरेको शिक्षा, स्वास्थ्य, पर्यट्न, आय आर्जन र पूर्वाधार विकास सहितको समृद्ध गाउँ निर्माण अभियानमा, टोल समुदाय तहबाट योगदान

गर्न तथा टोलका जनसमुदायलाई संस्थागत रुपमा विकास गर्ने वातावरण सृजना गर्न,......................टोल विकास संस्था स्थापना गरी सञ्चालन गर्न बान्छनिय भएकोले गाउँ कार्यपालिकाबाट यो सम्मरीमाई गाउँपालिकाको टोल विकास संस्थाको विधान, २०७६ (नमूना) तयार गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संस्थाको नाम :** यस संस्थाको नाम "..........टोल विकास संस्था" रहने छ ।

२. **संस्थाको कार्यालय रहने ठेगाना :** यस संस्थाको कार्यालय सम्मरीमाई गाउँपालिका वडा नं ........... आफ्नै टोल भित्र रहने छ ।

३. **संस्थाको कार्यक्षेत्र (सिमाना) :** यस ....... टोल विकास संस्थाको कार्यक्षेत्र पूर्वमा...... पश्चिममा ...... उत्तरमा .......... दक्षिणमा ).... हुनेछ । आवश्यकता अनुसार सम्बन्धित स्थानीय वडासँग छलफल गरी अन्य क्षेत्र विस्तार गर्न सकिनेछ ।

४. **प्रारम्भ :** यो विधान सम्मरीमाई गाउँ कार्यपालिकाको कार्यालयमा संस्था दर्ता भएको मिति देखी प्रारम्भ हुनेछ ।

५. **संस्थाको अस्तित्व :** यो संस्था एक अविछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर-नाफामूलक, गैर-राजनीतिक तथा गैर-सरकारी तर सम्मरीमाई गाउँपालिकाको मातहतको समुदायमा आधारित सामाजिक संस्था हुनेछ । संस्था सम्मरीमाई गाउँपालिकाको इकाईको रुपमा रहनेछ ।

६. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :

(क) "विधान" भन्नाले ....... टोल विकास संस्था, सम्मरीमाई ..... रुपन्देहीको विधान, २०७६ लाई जनाउनेछ ।

(ख) "नियम" भन्नाले यस विधान अर्न्तगत वनेको नियमलाई जनाउने छ ।

(ग) "सदस्यता" भन्नाले यस विधान अर्न्तगतका सदस्यलाई जनाउने छ ।

(घ) "संस्था" भन्नाले .......... टोल विकास संस्था, सम्मरीमाई ......रुपन्देहीलाई जनाउने छ ।

(ङ) "कार्य समिती" भन्नाले संस्थाको कार्य समितिलाई जनाउने छ ।

(च) "पदाधिकारी" भन्नाले संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव तथा कोषाध्यक्षलाई जनाउने छ ।

(छ) "बचत" भन्नाले संस्थाको साधारण सदस्यहरुवाट निश्चित अवधिमा संचय गरेको रकमलाई जनाउने छ ।

(ज) "बचतकर्ता" भन्नाले बचत गर्ने सदस्यलाई जनाउने छ ।

(झ) "ऋण" भन्नाले एकमुष्ट वा किस्तावन्दी रुपमा तोकिएको ब्याज सहित फिर्ता गर्ने गरी निश्चित अवधिको लागि लिइएको रकमलाई जनाउने छ ।

(ञ) "साधारण सभा" भन्नाले संस्थाले बर्षको एक पटक सम्पूर्ण सदस्यहरुलाई बोलाईने सभालाई जनाउने छ ।

(ट) "विशेष साधारण सभा" भन्नाले संस्थाको कुनै महत्वपूर्ण कार्य तथा निर्णय गर्नको लागि बर्ष दिन अधिनै बोलाईने सभालाई जनाउने छ ।

(ठ) "अधिवेशन" भन्नाले २ बर्षको एक पटक कार्य समिति निर्माण गर्नको लागी बोलाईने सभालाई जनाउने छ ।

(ड) "तोकिएको वा तोकिए वमोजिम" भन्नाले यो विधानमा वा विधान अर्न्तगत रहि बन्ने नियमावली वा विनिमयद्धारा तोकिएको कुरालाई जनाउने छ ।

**७. छाप र चिन्ह :**

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ ।

## परिच्छेद–२

## उद्देश्य तथा कार्य

**८. संस्थाको उद्देश्य:** प्रचलित ऐन कानून तथा संघीय सरकार, प्रदेश सरकार र सम्मरीमाई गाउँपालिकाको नीति निर्देशनको अधिनमा रही सम्बन्धित निकायसँग समन्वय राखी कार्य गर्ने गरी यस टोल विकास संस्थाको निम्न मूलभूत उद्देश्य रहनेछ ।

(१) टोलस्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

(२) टोलमा रहेका सम्पूर्ण परिबारहरुको आयमा बृद्धि हुने कार्यक्रमहरु सञ्चालन गरी गरिवी न्यूनिकरणमा सम्मरीमाई गाउँपालिकालाई मद्दत पुऱ्याउने ।

(३) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो तथा प्रभावकारी बनाउन समुदायको क्षमता विकासका कार्यक्रमहरुमा टेवा पुऱ्याउने ।

(४) टोल विकास संस्थालाई सम्मरीमाई गाउँपालिकाको मातहतको प्रभावकारी ईकाइको रुपमा स्थापित गराउने ।

(५) सम्मरीमाई गाउँपालिकाको योजना तर्जुमा, अनुगमन तथा मुल्याङ्कन प्रक्रियामा समुदायलाई सक्रिय सहभागी बनाउने ।

(६) संस्थालाई स्वशासित तथा प्रभावकारी बनाउने ।

(७) समुदायको दक्षता र क्षमताको उपयोग गर्दै उनीहरुलाई राष्ट्र विकासमा नेतृत्व लिन सक्ने बनाउने ।

(८) समुदायको हक अधिकार सुरक्षित बनाउनुको साथै उनीहरुप्रति भएका सामाजिक विभेदको अन्त्य गराउन वकालत तथा पैरवी गर्ने ।

(९) वडाका अन्य टोल विकास संस्था तथा गाउँ भित्रका टोल विकास संस्थाहरुसँग सञ्जाल बढाउदै सहयोग जुटाउने तथा अनुभव र विचार आदान प्रदान गर्ने ।

(१०) संस्थाको प्रयोजनको लागि सम्पति आर्जन तथा बेचबिखन गर्ने हक प्राप्त गर्ने, हक छोडिदिने, घर जग्गा वहालमा लिने दिने गर्ने ।

(११) सदस्यहरुलाई कुटीर उद्योग तथा उद्यामशिलता विकास तर्फ प्रोत्साहित गर्ने ।

**९. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :**

(क) संस्थाले प्रचलित कानून बमोजिम सम्वन्धित निकायबाट अनुमति वा ईजाजत प्राप्त गरेर मात्र आफ्नो उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

(ख) प्रत्येक टोल स्तरमा शत् प्रतिशत घर परिवार समावेश भएको टोल विकास संस्था गठन गर्नेछ ।

(ग) सम्पूर्ण सदस्यहरुबाट नियमित रुपमा बचत संकलन गर्ने तथा त्यसको सदस्य भित्र परिचालन गर्नेछ ।

(घ) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र कम्प्यूटर, टेलिफोन, फ्याक्स जस्ता कार्यालय सामग्री तथा सवारी साधन खरिद गर्ने तथा भाडामा लिई प्रयोग गर्नेछ ।

(ङ) सदस्यहरुलाई उद्यमशिलता तर्फ अग्रसर बनाउन आफ्नो स्व-लगानी तथा अन्य संघ संस्थाहरुबाट ऋण लिई उद्यम सञ्चालन गर्न पहल गर्ने ।

(च) तालिम तथा प्रविधिमा विशेष चाख राखी टोलबासीहरुको ज्ञान र शिप बृद्धि गराउने कार्यमा सहयोग गर्ने ।

(छ) टोलमा आईपरेका समस्याहरु समाधान गर्न एक अर्कामा भाईचारा कायम गरी सभ्य समाजको अवधारणा कायम गर्ने ।

(ज) पिछडिएका बर्ग तथा जतजातिहरुको विकासको लागि सम्वन्धित क्षेत्र तथा निकायबाट सहयोगको लागि पहल गर्ने ।

(झ) स्रोतको समुचित प्रयोग तथा परिचालनको लागि सामाजिक तथा आर्थिक पूर्वाधार विकास सम्वन्धी टोल विकास योजना र उद्यम विकास योजना बनाउने ।

(ञ) सम्मरीमाई गाउँपालिकाले अघि बढाउने सामाजिक एवं आर्थिक विकास र सामाजिक परिवर्तनका अभियानमा ऐक्यबद्धता एवं प्रतिवद्धता जनाउदै सिङ्गो गाउँको विकासमा आफ्नो क्षेत्रबाट योगदान गर्ने ।

(ट) कम्तिमा महिनाको एक पटक आफ्नो टोलमा सरसफाई योजना सञ्चालन गरेर टोलको स्वच्छता अभिबृद्धि गर्ने ।

## परिच्छेद–३
## सदस्यता सम्बन्धी व्यवस्था

**१०. सदस्यता :**

(क) यस संस्थाको उद्देश्य बमोजिम संस्था प्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने, विधानले तोकेको सिमा क्षेत्र भित्रका १८ बर्ष उमेर पुगेको व्यक्तिहरु यस संस्थाको सदस्य हुनेछन ।

(ख) सदस्य बन्न ईच्छुक नयाँ टोलबासीहरुलाई संस्थाले तोके बमोजिम शुल्क सहित संस्थामा निवेदन दिएमा सदस्यता प्रदान गरिनेछ ।

**११. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :** यस टोल विकास संस्थाको सदस्यता प्राप्तिको लागी देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

- नेपाली नागरीक भएको,
- गठन हुने वडा भित्र स्थायी बसोवास भएको वा घर भएको,
- १८ बर्ष उमेर पूरा गरेको,
- मानसिक सन्तुलन नगुमाएको,
- सार्वजनिक सम्पत्ति हिनाबिना गरेको नठहरेको,
- नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचाको अभियोगमा सजाय नपाएको ।

**१२. टोल विकास संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन नसक्ने अवस्था :** देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्य पदमा रहन सक्ने छैन ।

- गैर नेपाली नागरिक भएमा,
- १८ बर्ष उमेर पूरा नगरेको भएमा,
- टोल विकास संस्थालाई अहित हुने खालको काम गरेमा,
- टोल विकास संस्थाको सदस्य नरहेको अवस्थामा,
- मगज बिग्रिएमा वा बौलाएमा,
- सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेमा,
- नैतिक पतन देखिने फौजदरी र भ्रष्टाचारीको अभियोगमा सजाय पाएको पुष्टि भएमा,
- कुनै प्रकारको चोरी, ठगी, किर्ते वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट सजाय पाएको १ बर्ष व्यतित नभएको ।

## परिच्छेद-४

## साधारण सभा, कार्य समिति तथा बैठक सम्वन्धी व्यवस्था

### १३. साधारण सभाको गठन

(१) संस्थाको विधान अनुसार टोल विकास संस्थाको सदस्यहरुबाट संस्थाको साधारण सभा गठन हुनेछ ।

(२) संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ :

(क) बार्षिक साधारण सभा : बर्षको एक पटक बार्षिक साधारण सभा बस्नेछ ।

(ख) विशेष साधारण सभा : संस्थाको कुल सदस्य संख्याको एक चौथाई सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा ७ दिन भित्र अनिबार्य रुपमा बोलाउनु पर्नेछ तर साधारण सभा वा विशेष साधारण सभा बसेको ६ महिना भित्र पुन : विशेष साधारण सभा बस्न सक्ने छैन ।

(ग) यस संस्थाको प्रथम बार्षिक साधारण सभा संस्था स्थापना भएको मितिले दुई महिना भित्रमा गरिने छ र त्यस पछिका बार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले २ महिना भित्र गरिने छ ।

(घ) यस संस्थाको बार्षिक साधारण सभा गर्नको लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नको लागि कम्तिमा ७ दिन अगावै सूचना प्रदान गर्नु पर्नेछ ।

(ङ) बोलाईएको साधारण सभा वा विशेष साधारण सभामा गण पुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद राखी पुन साधारण सभा बोलाईने छ ।

(च) साधारण सभा र विशेष साधारण सभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राखिने छ ।

**१४. साधारण सभाको काम कर्तव्य र अधिकार**

(क) साधारण सभाले संस्थाको मूल उद्देश्य अनुरुप कार्यक्रम, नीति निर्धारण गर्ने र बजेट स्वीकृत गर्ने ।

(ख) प्रत्येक आर्थिक वर्ष भित्र सम्पन्न भएका कार्य प्रतिवेदन प्रस्तुत गरी छलफल पश्चात अनुमोदन गर्ने ।

(ग) लेखा परीक्षकको नियुक्ति गर्ने ।

(घ) कार्य समितिलाई निर्देशन दिने ।

(ङ) आवश्यकता अनुसार विधानको संशोधन गर्न कदम चाल्ने ।

**१५. कार्य समितिको गठन :**

(क) कार्य समितिको गठन सदस्यहरुबाट मात्र गरिनेछ ।

(ख) कार्य समितिको कार्यकाल २ (दुई) वर्षको हुनेछ ।

(ग) कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिव, कोषाध्यक्ष र छ जना सदस्य सहित बढीमा ११ जना रहने छन ।

(घ) निर्वाचित कार्य समितिको कार्यकाल पूरा भएपछि पदाधिकारीहरु पुनः उम्मेदवार हुन सक्नेछन ।

(ङ) टोल विकास संस्थाले एक बाल क्लवको पनि गठन गर्नेछ र उक्त क्लवबाट एक वालक र एक बालिकालाई आमन्त्रित सदस्यमा राख्नेछ ।

**१६. कार्य समितिको काम कर्तब्य र अधिकार :** कार्य समितिको काम कर्तव्य र अधिकार निम्न लिखित हुनेछ :

(क) साधारण सभाको नीति, निर्देशन तथा निर्णय कार्यान्यन गर्ने ।

(ख) निर्वाचन अधिकृत नियुक्त गर्ने ।

(ग) कार्य समितिको कुनै सदस्यको स्थान रिक्त हुन आएमा साधारणसभा नभएसम्मको लागि संस्थाको सदस्य मध्येवाट सदस्य मनोनित गर्ने ।

(घ) संस्थाको उद्देश्य कार्यान्वयन गर्ने, गराउने ।

(ङ) संस्थाको उद्देश्य परिपूर्तिको लागि आवश्यक कार्य सम्पादन गर्ने ।

(च) संस्थाको वजेट तथा कार्यक्रम तयार गरी साधारण सभामा पेश गर्ने ।
(छ) संस्थाको लागि आवश्यक कर्मचारीहरु नियुक्ति गर्ने, सेवा, शर्त र पारिश्रमिक तोक्ने ।
(ज) संस्थाको उद्देश्य अनुरुप गर्नुपर्ने कार्य सम्पादन गर्न आवश्यक पर्ने नियम, विनियमहरु तर्जुमा गरी साधारण सभामा पेश गर्ने ।

**१७. पद त्याग गर्न सक्ने** : अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्ने छन ।

**१८. अन्य समितिहरु :**

(१) यस बिधानको परिधि भित्र रहेर संस्थाको कार्य सञ्चालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप समितिहरु गठन गर्न सक्नेछ तर साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ ।
(२) उप समितिको कार्यहरु कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद–५
## पदाधिकारीको काम, कर्तव्य र अधिकार

**१९. काम, कर्तव्य र अधिकार :**

(१) अध्यक्षको काम कर्तव्य र अधिकार :
(क) कार्य समितिको वैठक वोलाउने ।
(ख) संस्थाको प्रमुख भई नेतृत्वको जिम्मेवारी लिने ।
(ग) साधारण सभाद्वारा गरिएका निर्णयहरु कार्यन्यवन गर्ने गराउने ।
(घ) साधारण सभा वा कार्य समितिको वैठकको अध्यक्षता गर्ने र उक्त वैठक र सभामा मतदान हुँदा मत वरावर भएमा निर्णायक मत दिने ।
(ङ) संस्थाको हितको लागि आवश्यक अन्य कार्य गर्ने ।
(२) उपाध्यक्षको काम कर्तव्य र अधिकार:
(क) अध्यक्षको कार्यमा सघाउ पुऱ्याउने वा निजले लिखित रुपमा प्रत्यायोजित गरे वमोजिम कार्य गर्ने ।
(ख) अध्यक्षको अनुपस्थितिमा निजको सवै कर्तव्य र अधिकार पालन तथा प्रयोग गर्ने ।
(ग) संस्थाको कार्य प्रगतिको लेखाजोखा गरी अध्यक्षलाई अवगत गराउने ।

(३) सचिवको काम कर्तव्य र अधिकार :

(क) संस्थाको तर्फवाट आवश्यक लेखापढी गर्ने, कार्य समितिवाट पारित निर्णयहरुको अभिलेख राख्न लगाउने र सोको कार्यान्वयन गर्ने ।

(ख) संस्थाको दैनिक कार्य सञ्चालनको जिम्मेवारी लिने र कर्मचारी प्रशासनको रेखदेख तथा नियन्त्रण गर्ने ।

(ग) विधान तथा नियममावलीले व्यवस्था गरे अनुसारको अन्य काम गर्ने गराउने ।

(घ) विभिन्न समूहहरुका विचमा समन्वय कायम गर्ने ।

(ङ) कार्य समितिले दिएको निर्देशनमा वा अध्यक्षको परामर्श बमोजिम संस्थाको भलाई हुने अन्य सवै कार्य गर्ने ।

(४) कोषाध्यक्षको काम कर्तव्य र अधिकार :

(क) वार्षिक साधारण सभा र कार्य समितिको वैठकमा आय व्ययको विवरण प्रस्तुत गर्ने ।

(ख) संस्थाको कोष संकलन गर्ने, आय व्ययको हिसाब राख्ने वा राख्न लगाउने ।

(ग) संस्थाको वार्षिक बजेट तयार गर्न सहयोग गर्ने र गर्न लगाउने, कार्य समिति मार्फत वार्षिक साधारण सभामा पेश गर्ने ।

(घ) तोकिएको अन्य काम गर्ने गराउने ।

(५) सदस्यहरुको काम, कर्तब्य :

(क) कार्य समितिले तोके अनुसारका क्षेत्रमा समन्वयन गर्ने ।

(ख) कार्य समितिले तोके अनुसार समूहहरुको अनुगमन तथा मुल्याङ्कन गर्ने ।

(ग) कार्य समितिको बैठकमा भाग लिने ।

(घ) कार्य समितिले तोकेको अन्य काम गर्ने ।

**२०. साधारण सभाको गणपुरक संख्या**

(१) कुल सदस्य संख्याको ८०% साधारण सदस्यहरुको उपस्थित नभै साधारण सभाको काम कार्यबाही हुने छैन ।

(२) तर बिधान मबोजिम पुनः बोलाईएको साधारण सभामा कुल सदस्य संख्याको ५१% उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद-६
## आर्थिक व्यवस्था

**२१. संस्थाको कोष**

(क) संस्थाको एउटा आफ्नो छुट्टै कोष रहने छ ।

(ख) संस्थाको कोषमा देहाय वमोजिमका रकमहरु रहने छन् ।

(१) सदस्यहरुको मासिक शुल्क

(२) संस्थालाई संघीय तथा प्रदेश सरकार र कुनै राष्ट्रिय तथा नेपाल सरकारको स्वीकृती लिई अन्तर्राष्ट्रिय निकाय आदिवाट प्राप्त भएको अनुदान चन्दा वा सहायता,

(३) संस्थाको चल अचल सम्पतिबाट प्राप्त रकम,

(४) संस्थाले आफ्नो दिगोपनको लागि विभिन्न अर्थ संकलनका क्रियाकलापबाट उठेको रकम ।

(५) संस्थाको नाममा आएका सम्पूर्ण जिन्सी तथा नगदी बस्तु संस्थाको सम्पति मानिने छ र संस्थामा नै रहने छ । यदी संस्था बिघटन भएको अवस्थामा जिन्सि समान लगायतका सम्पूर्ण सम्पत्ती गाउँपालिकाको हुनेछ ।

**२२. खाता सञ्चालन :** संस्थाको बैङ्क खाता अध्यक्ष (अनिबार्य) र कोषध्यक्ष तथा सचिव मध्ये १ को संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**२३. कोषको रकम खर्च गर्ने तरिका :**

(क) संस्थाको नाममा विभिन्न वैङ्कहरुमा खोलिने खाताहरु अध्यक्ष, कोषाध्यक्ष र सचिबको हस्ताक्षरवाट सञ्चालन गरिनेछ ।

(ख) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिबार्य रुपमा पेश गर्नु पर्नेछ ।

**२४. संस्थाको लेखा र लेखा परिक्षण :**

(१) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिने छ ।

(२) संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्ट्रर्ड लेखा परिक्षकबाट हुनेछ ।

**२५. निर्वाचन सम्वन्धी व्यवस्था :** कार्य समितिले निवाचनको लागि निर्वाचन सम्वन्धी कार्यविधि तोकिए वमोजिम अधिकृत नियुक्त गर्नेछ । निर्वाचन

हुनेछ । सो नभएसम्म निर्वाचन अधिकृत निर्धारण गरेको प्रक्रिया बमोजिम हुनेछ ।

२६. **उम्मेदार हुने योग्यता :** संस्थाको जुनसुकै सदस्य कार्यसमितिको निर्वाचनमा भाग लिन र उम्मेदवार हुन योग्य हुनेछन् ।

२७. **अविश्वासको प्रस्ताव :**

(क) संस्थाको कार्य समितिका कुनैपनि सदस्यलाई साधारण सभामा उपस्थित सदस्यहरुको दुई तिहाइ बहुमतले अविश्वासको प्रस्ताव पारित गर्न सक्नेछ तर विशेष साधारण सभाबाट मात्र पनि अविश्वासको प्रस्ताव उपर छलफल हुन सक्नेछ । यस दफा अन्तर्गत अविश्वासको प्रस्ताव ल्याउनका लागि संस्थाको कार्यकारिणी सदस्यको २/३ ले लिखित माग गरेमा वा साधारण सभाका सदस्य संख्याको कम्तीमा ३३ प्रतिशत साधारण सदस्यले लिखित निवेदन दिएमा विशेष साधारण सभा निवेदन दिएको १५ दिन भित्र बोलाउनु पर्नेछ ।

२८. **विधान संशोधन :** यो विधान संशोधन गर्न आवश्यक पर्ने भएमा साधारण सभाको दुई तिहाई बहुमतले पारित गरेको संसोधन प्रस्ताव सम्बन्धित निकायवाट स्वीकृती प्राप्त गरी लागु हुनेछ ।

२९. **नियम बनाउन सक्ने :** कार्य समितिले यस विधानको अधिनमा रही संस्थाको उद्देश्य परिपूर्ति गर्न र आन्तरिक कार्यविधि व्यवस्थित गर्न आवश्यक नियम, विनियम तथा कार्य निर्देशिका तयार गरी साधारण सभाबाट पारित गराउन सक्नेछ ।

३०. **कर्मचारीको व्यवस्था :** संस्थाको दैनिक कार्य र योजना तथा कार्यक्रम सञ्चालनको लागि आवश्यक कर्मचारी, दरबन्दी व्यवस्था, कर्मचारी पारिश्रमिक, भत्ता तथा अन्य सुबिधा र कर्मचारीको सेवा शर्तहरु, पनाउनु पर्ने कार्यबिधि तोकिए बमोजिम हुनेछ ।

३१. **संस्थाको खारेजी :** संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकि वा अन्य कुनै कारणबश संस्था बिघटन भएमा सम्पूर्ण जायजेथा सम्मरीमाई गाउँपालिकाको अधिकार क्षेत्रमा सर्नेछ ।

३२. **व्याख्या :**

(क) कार्य समितिले आफनो अधिकार मध्ये केहि अधिकार कार्य समितिकै कुनै पदाधिकारी, सदस्य वा अन्य कुनै सदस्यलाई प्रत्यायोजित गर्न सक्नेछ ।

त्यसरी प्रत्यायोजित अधिकार प्राप्त गरी काम गर्ने व्यक्तिको सेवाको शर्त र पद कार्य समितिले तोके बमोजिम हुनेछ ।

(ख) कार्य समितिले संस्थाको उद्देश्य पूर्तिको लागि परिच्छेद-३ मा उल्लेख भएका सदस्यहरु मध्येबाट विभिन्न समिति तथा उपसमितिहरु गठन गर्न सक्नेछ ।

(ग) संस्था दर्ता हुँदाको बखत कायम रहेको कार्य समितिको कार्यकाल प्रथम वार्षिक साधारण सभा नभएसम्मको लागि बढीमा ६ महिनासम्म कायम रहनेछ ।

(घ) संस्था दर्ता भएको मितिले ६ महिना भित्र प्रथम वार्षिक साधारण सभा गरिनेछ ।

**३३. गोप्यता भङ्ग गर्न नहुने :** यस संस्थाका कुनै पनि सदस्य तथा कर्मचारीले संस्थागत गोप्यता भङ्ग गर्न पाउने छैन ।

**३४. ऐन बनुसार हुने :** यस बिधानमा उल्लेख नभएका कुराहरु कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसंग बाझिन गएमा बाझिएको हद सम्म स्वत निस्कृय हुनेछ ।

**३५. निर्देशनको पालना :** सम्मरीमाई गाउँ कार्यपालिकाले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।